# २ कहिल्यै नाश नहुने उपहार

*<u>यस अध्यायका मूल पदहरू:</u>* १ पत्रुस १:१,२, यूहन्ना ३:१६, इजकिएल ३३:११, १ पत्रुस १:३-२१, लेबी ११:४४,४५ र १ पत्रुस १:२२-२५।

*<u>यस अध्यायको स्मरण गर्नुपर्ने मूल पद:</u>* **"सत्यलाई पालन गरेर तिमीहरू आफैलाई शुद्ध पारेका छौ। त्यसकारण तिमीहरूमा एक आपसको बीचमा सत्य र इमान्दारी प्रेम छ। त्यसकारण तिमीहरू एक आपसमा हृदयदेखि नै गहिरोसँग प्रेम गर" (१ पत्रुस १:२२ रूपान्तरित)।**

**जब बाइबलका पुस्तकहरू अध्ययन गर्छौं तब केही प्रश्नहरू हामीहरूको हृदयमा उब्जाइ राख्नु पर्छ र तिनीहरूको जवाफ सकेसम्म पाउन आवश्यक भएको महसुस गर्नुपर्छ।**

पहिलो, लेखकले कसलाई सम्बोधन गर्दै लेखिरहेका थिए? के लेखकले एक जनाको लागिमात्र कि समूहको निम्ति हो? यदि ती पहिला प्रश्नका जवाफहरू पाइयो भने त्यो पुस्तक पढ्ने को रहेछ भन्ने जवाफ हामी पाउँछौं।

दोस्रोमा, त्यो पुस्तक लेखेर बाइबलमा किन राखियो? दोस्रो प्रश्न पहिलो भन्दा अझ बढि महत्त्वपूर्ण हुनसक्छ। त्यसकारण दोस्रो प्रश्नलाई अर्कै शब्दहरूमा लेखौं। लेखकले चर्चा गर्न चाहेका विषयबस्तु केही थियो कि?

दोस्रो प्रश्नको जवाफमा हामी भन्न सक्छौं कि पत्रुसले पहिलो पत्र लेखिरहेको समयको इतिहासमा के भइरहेको थियो सो थाहा पाए असल हुने थियो। उनले के भनिरहेका छन् र किन? तर सबभन्दा महत्त्वपूर्ण र सान्दर्भिक प्रश्न त यो हुनसक्छ, *पत्रुसले लेखेका पत्रहरूबाट हामीले सन्देश लिन सक्छौं?*

यद्यपि त्यो प्रश्नको जवाफ पाउन हामीले अर्को प्रश्न गर्नुपर्ने हुन्छः पत्रुसले हामीलाई के भन्न खोजिरहेको छ वा भन्न चाहन्छ? सयौं वर्ष अघि पवित्र आत्माको अगुवाईमा ती पत्रहरू लेखेका थिए। जब हामीले प्रथम केही पदहरू पढ्छौं तब त्यस प्रश्नको जवाफ स्पष्टसँग भेट्टाउनेछौं। बर्तमान समयको परिप्रेक्षमा पत्रुसले हामीहरूलाई धेरै महत्त्वपूर्ण सत्यहरू भन्न चाहेको हामीले थाहा पाउनेछौं।

## १. बिदेशमा पलायन भएर जिउन बाध्य भएकाहरूको निम्ति (१ पत्रुस १:१)

कुन परिस्थितिमा पत्रुसले पत्र लेखेका थिए भनेर १ पत्रुस १:१मा यसरी उल्लेख गरिएको छः **"येशू ख्रीष्टको प्रेरित पत्रुसबाट पोन्टस, गलातिया, कापाडोकिया, एशिया र बिथिनियाभरि निर्वासित भई छरपष्ट भएकाहरूलाई।"**

पत्रुसले आफू को हो भनेर स्पष्ट रूपमा पहिचान गर्दछ। आफूलाई येशूको प्रेरित भनेको लगत्तै आफ्नो नाउँ उल्लेख गर्दछन्। त्यसकारण, पत्रुसले पावलले प्रायजसो जे गरेका थिए त्यही गर्छन् (गलाती १:१, रोमी १:१, एफिसी १:१)। आफ्नो सम्बन्ध येशूसँग कस्तो छ भनेर नहिच्किचाइ पत्रुसले उल्लेख गर्दछन्। यो नीतिले गर्दा आफ्ना पाठकहरूलाई आफ्ना पत्रहरू पठाउन आफ्नो अधिकारभएको जनाउँछन्। आफूलाई परमेश्वरले बोलाउनुभएको भनेर आफूप्रति पाठकहरूको विशेष ध्यान आकर्षित गर्दछन्। उनी प्रेरित वा येशूका कर्मठ चेला हुन्। सुसमाचारको काममा खटाउने व्यक्ति येशू ख्रीष्ट नै हुनुहुन्छ भनेर उनले ठोकुवा गर्छन्।

कुन कुन ठाउँहरूमा पत्र पठाइनुपर्ने हो सो ठाउँहरू पत्रुसले तोकेर लेख्दछन्। ती ठाउँहरू पोन्टस, गलेशिया, क्यापाडोशिया, एशिया र बिथिनिया हुन्। ती सबै ठाउँहरू एशिया माइनरमा पर्दछन्। आज ती ठाउँहरू आधुनिक टर्कीमा पर्दछन् जुन बोसपोरोसको पूर्वी भागमा पर्दछ। बोसपरस भन्ने पानी जमेको ठाउँ हो जो कि १८ माइल अर्थात् २९ किलोमिटर लामो छ। यसले ठाउँले टर्कीको युरोपिय भाग र एशियाको भागलाई छुट्याउँछ। यसले मारमारा समुद्रदेखि काल समुद्रसँग जोड्दछ।

त्यसकारणले पत्रुसले विशेष गरेर यहूदी इसाई विश्वासीहरूलाई कि गैर-यहूदी वा अन्य जातिबाट इसाई भएर आउनेहरूको निम्ति लेखेका हुन्? संसारमा तितर बितर भएर बसेकाहरूको निम्ति लेखेका हुन् भनेर पत्रुसले १ पत्रुस १:१मा बताउँछन्। पत्रुसले प्रयोग गरेका शब्दहरूले ती यहूदीहरूलाई पत्र लेखेका हुन् जो कि इस्राएल देशबाट बाहिर बसेका प्रथम शताब्दीका यहूदीहरू थिए भनेर आभास् दिँदछ। १ पत्रुसमा प्रयोग गरेका "चुनिएका" र "पवित्र जाति" भन्दा यहूदीहरू पनि हुन सक्छन् र इसाईहरू पनि हुनसक्छन्। तर जो समूह विश्वासीहरूबाट बाहिरका छन् तिनीहरूलाई भिन्नै तरिकाले व्याख्या गरेर "अन्याजातिहरू" भनेर पत्रुसले सम्बोधन गर्दछन् (१ पत्रुस २:१२, १ पत्रुस ४:३)। यसले गर्दा पत्रुसले प्रायजसो यहूदी विश्वासीहरूलाई पत्र लेखेका हुन् भनेर धेरै जसोले राय व्यक्त गर्दछन्।

तर कतिपय बाइबलका विद्वानहरूले १ पत्रुस १:१८ र १ पत्रुस ४:३ अनुसार उनका पत्रहरू अन्याजातिबाट इसाई भएर आएकाहरूलाई

लेखेका हुन् यहूदी विश्वासीहरूलाई होइन भनेर तर्क गर्दछन्। यथार्थमा कुन समूहलाई पत्रुसले आफ्ना पत्रहरू लेखेका हुन् सो हामीले ठोकुवा गरेर भन्न सक्दैनौं। तर कुन पाठकवर्गलाई पत्रुसले लेखेका हुन् भन्दा अर्कै महत्त्वपूर्ण सन्देश ती पत्रहरूले दिँदछ। ती हुन् ती पत्रहरूमा लेखिएका सन्देशहरू।

## २. चुनिएकाहरू (१ पत्रुस १:२)

**जसलाई पत्र लेखिएका हुन् तिनीहरूको बारेमा पत्रुसले के भन्दछन्? तिनीहरूलाई के भनेर सम्बोधन गर्दछन्? हेर्नुहोस्, १ पत्रुस १:२ "येशू ख्रीष्टको आज्ञापालन र उहाँका रगतको छिट्काइको निम्ति पवित्र आत्माद्वारा शुद्ध भई परमेश्वर पिताद्वारा उहाँको पूर्वज्ञानअनुसार चुनिएकाहरूलाईः अनुग्रह र शान्ति प्रशस्त हुँदैजाओस्।"**

ठ्याक्कै कसलाई पत्रुसले पत्र लेखेका हुन् सो हामीलाई थाहा छैन भनेर हामीले भन्यौं। तर जे पत्रुसले लेखे त्यसमा पत्रुस स्पष्ट भएको पाइन्छ। उनले ती मानिसहरूलाई लेखेका हुन् जसलाई परमेश्वर पिताले योजना बनाउनुभएको अनुसार चुनिएकाहरू हुन् (१ पत्रुस १:२)। यो पदलाई कसरी व्याख्या गर्ने यसमा हामीले ख्याल गर्नुपर्छ। त्यसको अर्थ जन्मनुभन्दा अघि परमेश्वरले कोही मानिसहरूलाई मुक्ति दिने र कोहीलाई मुक्ति नदिने भनेर निर्णय गर्नुभएको होइन। परमेश्वरले मुक्ति दिन चुनिएकाहरूलाई पत्रुस पत्र लेख्न पुगेका थिए भन्ने अर्थ पनि होइन। त्यो धारणा बाइबलले सिकाउँदैन।

**चुनिएकाहरू भनेर पत्रुसले सम्बोधन गरेको अर्थ के हो भनेर देहायका पदहरूले कसरी बुझाउँछन्? हेर्नुहोस्, १ तिमोथी २:४ "सबै मानिसहरूले मुक्ति पाऊन् र तिनीहरू सत्यको ज्ञानमा आऊन् भन्ने इच्छा उहाँ गर्नुहुन्छ।", २ पत्रुस ३:९ ""आफ्नो प्रतिज्ञाको बारेमा प्रभु ढिलो गर्नुहुन्छ भन्ने कसै-कसैको भनाइ भए तापनि उहाँ ढिलो गर्नुहुन्न, तर कोही पनि नष्ट नहोस्, तर सबै जनाले पश्चात्ताप गरून् भन्ने इच्छा गरेर प्रभु तिमीहरूप्रति धैर्यवान् हुनुहुन्छ।", यूहन्ना ३:१६,१७ "१६ किनभने परमेश्वरले संसारलाई यस्तो प्रेम गर्नुभयो, कि उहाँले आफ्ना एकमात्र पुत्र दिनुभयो, ताकि उहाँमाथि विश्वास गर्ने कोही पनि नाश नहोस्, तर त्यसले अनन्त जीवन पाओस्। १७ किनकि परमेश्वरले संसारलाई दोषी ठहराउन भनी पुत्रलाई संसारमा पठाउनुभएन, तर संसार उहाँद्वारा बाँचोस् भनेर पठाउनुभयो।" र इजकिएल ३३:११ "यसैले तिनीहरूलाई भन्, 'जस्तो म जीवित छु, परमप्रभु परमेश्वर भन्नुहुन्छ, दुष्टहरूको मृत्युमा म खुशी हुन्नँ, तर तिनीहरूले आफ्नो चाल त्यागेर बाँचून् भनी म चाहन्छु। आफ्नो दुष्ट चाल त्याग! हे इस्राएलका घराना हो, तिमीहरू किन मर्छौ?**

संसारमा जन्मेका प्रत्येक व्यक्तिले मुक्ति पाउन् भन्ने परमेश्वरको योजना हो भनेर बाइबलले स्पष्ट रूपमा जनाएको छ। संसार सृष्टि गर्नुभन्दा अघि नै त्यो योजना बनाइएको थियो। पावलले भन्दछन्, "पृथ्वीलाई सृष्टि गर्नुभन्दा अघि नै हामी ख्रीष्टमा रहौं भनेर हामीलाई परमेश्वरले चुन्नुभएको थियो।"( एफिसी १:४ रूपान्तरित)। "सबैलाई चुनिएका" भन्नुको अर्थ एक हिसाबले सत्य हो। सुरूदेखि नै प्रत्येक मानिसले मुक्ति पाउन् र कोही पनि नाश नहुन् भन्ने परमेश्वरको योजना सही हो। अर्को अर्थमा भन्ने हो भने उहाँले सबै मानिसले अनन्त जीवन पाउन् भनेर परमेश्वरले चुन्नुभएको थियो। सबै मानिसलाई बचाउन मुक्तिको योजना यथेष्ट थियो। परमेश्वरले प्रदान गर्नुभएको मुक्तिको योजना वा पापलाई ढाक्ने योजना परमेश्वरबाट सबैको निम्ति थियो। जो मानिसले त्यो योजनामा पर्न चाहेन तिनीहरूको निम्ति पनि थियो।

त्यसकारण को चुनिएकाहरू हुन् भनेर परमेश्वरलाई थाहा छ। ती मानिसहरूलाई दिएको आत्मनिर्णयको अधिकार कस्तो हुन्छ भनेर परमेश्वरलाई थाहा थियो। उहाँले उपलब्ध गर्नुभएको मुक्तिको योजना तिनीहरूले कि त चुन्नेछन् कि त अस्वीकार गर्नेछ भनेर उहाँलाई थाहा थियो। परमेश्वरलाई त्यो ज्ञान अगावै थाहाभएको भन्दैमा उहाँले कुनै मानिसको आत्मनिर्णयलाई बलजफ्ती हस्तक्षेप गर्नुभएको भन्न मिल्दैन। देहायको उदारहणले त्यो तथ्यलाई राम्रोसँग व्याख्या गर्दछ। हरियो केराउ भन्दा चकलेटलाई आफ्नो छोराले चुन्नेछ भनेर आमालाई थाह छ रे। आफ्नो छोराले चक्लेट चुन्छ भन्ने आमालाई थाहा भएकै कारणले के उनले छोरालाई बलजफ्ती चक्लेट चुन्न लगाएको भन्न मिल्छ त? कदापी होइन! त्यसै अनुरुप, हामीले कसलाई चुन्छ भनेर परमेश्वरलाई थाहा भएको कारणले हामीले कसलाई चुन्ने भनेर उहाँले जबरजस्ती गर्नुहुन्छ भन्ने छैन। परमेश्वरले उपलब्ध गराउनुभएको मुक्तिलाई चुन्ने वा नचुन्ने सो आत्मनिर्णयको अधिकार हामी सबैलाई स्वतन्त्ररूपमा छोडिएको छ।

**तपाईंले मुक्ति पाउनुहोस् भनेर परमेश्वरले तपाईंलाई चुन्नु भएको छ। यस सत्यले तपाईंलाई कस्तो हौसला र आशा दिन्छ?**

## ३. महत्त्वपूर्ण विषयबस्तुहरू (१ पत्रुस १:३-१२)

**१ पत्रुस १:३-१२मा पत्रुसले धेरै सन्देशहरू लेखेका छन्। तर ती सन्देशहरूमा प्रभुख सन्देश के हुन त? हेर्नुहोस्: "३ परमेश्वर र हाम्रा प्रभु येशू ख्रीष्टका पिता धन्यका हुनुहुन्छ! उहाँको महान् कृपाले मृतकबाट येशू ख्रीष्टको पुनरुत्थानद्वारा एउटा जीवित आशाको निम्ति हामी नयाँ गरी जन्मेका छौं। ४**

स्वर्गमा तिमीहरूका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलिने किसिमका छन्। ५ आखिर समयमा प्रकट हुन आँटेका मुक्तिको निम्ति तिमीहरू विश्वासद्वारा परमेश्वरको शक्तिबाट सुरक्षित राखिएका छौ। ६ तिमीहरू यसैमा रमाउँछौ, यद्यपि अहिले थोरै समयको निम्ति तिमीहरूले विभिन्न किसिमका कष्ट भोग्नुपर्दछ। ७ आगोबाट खारिने तर नष्ट भएर जाने सुनभन्दा पनि तिमीहरूको विश्वास मूल्यवान् छ। तिमीहरूको यो विश्वास साँचो प्रमाणित होस्, र येशू ख्रीष्ट प्रकट हुनुहुँदा प्रशंसा, महिमा र आदरको योग्य बनोस्। ८ तिमीहरूले नदेखे तापनि उहाँलाई प्रेम गर्छौ। उहाँलाई तिमीहरू अहिले देख्दैनौ, तापनि उहाँमाथि विश्वास गर्छौ र अवर्णनीय र गौरवमय आनन्दमा रमाउँछौ। ९ तिमीहरूका विश्वासको प्रतिफलस्वरूप तिमीहरूले आफ्ना आत्माको मुक्ति पाउँछौ। १० तिमीहरूका निम्ति हुन आउने अनुग्रहको विषयमा अगमवाणी बोल्ने अगमवक्ताहरूले यही मुक्तिको खोजी र तलाश गरेका थिए। ११ तिनीहरूभित्र हुनुभएका ख्रीष्टको आत्माले ख्रीष्टका कष्टहरू र त्यसपछि आउने महिमाको भविष्यवाणी गर्नुहुँदा देखाउनुभएको समय र परिस्थितिको बारेमा तिनीहरूले खोजी गरेका थिए। १२ तिनीहरूलाई यो प्रकट गरिएको थियो, कि तिनीहरूले आफ्ना होइन, तर तिमीहरूका सेवा गरिरहेका थिए। यी कुरा स्वर्गबाट पठाइनुभएका पवित्र आत्माबाट तिमीहरूलाई प्रचार भएको सुसमाचार सुनाउनेहरूद्वारा अहिले तिमीहरूलाई घोषणा भएको छ। स्वर्गदूतहरू पनि यी कुरा हेर्न अति उत्सुक छन्।"

पत्रुसले परमेश्वर पिता र पुत्रको बारेमा लेख्दछन्। उनले पवित्र आत्माको कामको बारेमा लेख्दछन्। फेरि त्यसैवखत पत्रुसले अरू धेरै विषयबस्तुहरूको बारेमा लेख्दछन् जुन हामीले पछि हेर्नेछौं।

पत्रुसले १ पत्रुस १:३मा आफ्नो पत्र अघि बढाएर भन्दछन् कि इसाईहरूले फेरि नयाँ जन्म पाएका छन्। तिनीहरूको सबै जीवनमा आमूल परिवर्तन भएको छ। येशू पुनरुत्थान हुनुभएकोले त्यसको शक्तिबाट नै इसाईहरूका जीवन परिवर्तन भएको थियो। र साथै कहिल्यै नाश नहुने उपहार इसाईहरूको निम्ति स्वर्गमा पर्खाएर राखिएको छ (१ पत्रुस १:३,४)। त्यसकारण इसाईहरूको आशाको मूल केन्द्र भनेको नै येशूको फिर्ति आगमनको हो। यो सत्य सन्देश नयाँ करारमा जताततै फैलाएर लेखिएको छ।

यही आशा इसाईहरूलाई आनन्त र हर्ष मनाउने कारण हुन गएको छ। पत्रुसको पहिलो पत्र पढ्नेहरूमा धेरैले अनेकौं सतावट् पाइरहेका थिए। ती कष्टहरूले परमेश्वरप्रति तिनीहरूको निष्ठाको प्रीक्षा गरिरहेको थियो। यसले

तिनीहरूको विश्वासलाई शुद्ध बनाइरहेको थियो। आगोले खारिएको सुन पनि त्यही रूपमा शुद्ध पार्दछ। पत्रुसका पाठकवर्गहरूले येशूको कार्यकालमा उहाँलाई भेटेका थिएनन्। तर तिनीहरूले उहाँलाई चिनेका थिए र प्रेम गर्दथे। तिनीहरूको आस्था येशूमा भएको कारणले तिनीहरूले मुक्ति पाउने सुनिश्चित थियो। जुन कुरा येशूमा थियो त्यो अरूलाई र हामीलाई बाँड्न लगाउन उहाँले प्रतिज्ञा गर्नुभएको छ भनेर पत्रुसले भन्दछन्। यो उपहार कहिल्यै पनि नाश नहुने उपहार हो। यो कहिल्यै पनि बिग्रने छैन र बिलाएर जाँदैन। उनले भन्दछन्, "यो तिमीहरूको निम्ति स्वर्गमा सुरक्षित राखिएको छ" (१ पत्रुस १:४ रूपान्तरित)।

"तिमीहरूमा आउने अनुग्रहको बारेमा पुराना अगमवक्ताहरूले भविष्यवाणी गरेका थिए" भनेर आफ्ना पाठकहरूलाई पत्रुसले थाहा दिन्छन् (१ पत्रुस १:१० रूपान्तरित)। यस संसारमा येशूको जन्मभन्दा अघि अगमवक्ताहरूले त्यस कुराको बारेमा थाहा पाउन धेरै होशियारसाथ धेरै प्रयास गरेका थिए (१ पत्रुस १:१० रूपान्तरित)। पत्रुसका पाठकवर्गहरूले अहिले अनुभव गरिरहेका येशूमा पाइएको मुक्तिको बारेमा तिनीहरूले पत्ता लगाउन चाहेका थिए।

पत्रुसका पाठकहरूले तिनीहरूको आस्थाको निम्ति अत्यन्त दुःखकष्ट पाइरहेका थिए। तिनीहरूले जे विश्वास गरेका थिए त्यसको निम्ति तिनीहरूले सतावट् भोग्नु परिरहेका थिए। तर असल र खराबको बीचमा भइरहेको युद्धको ठूलो पृष्ठभूमिमा तिनीहरूले भाग लिइरहेका छन् भनेर पत्रुसले औंल्याउँछन्। तर जे भएतापनि अन्तमा तिनीहरूले जतिसुकै कष्ट भोग्नुपरेतापनि तिनीहरूले पाएको सत्यमा अडिग भएर बसाल्न उनले सहायता गर्न चाहेका थिए।

**१ पत्रुस १:४मा पत्रुसले भन्दछ "स्वर्गमा तिमीहरूका निम्ति साँचिराखेको उत्तराधिकार अविनाशी, विशुद्ध र नओइलने किसिमका छन्।" यो अचम्मको सत्यको बारेमा सोच्नुहोस्। तपाईंको लागि मात्र स्वर्गमा ठाउँ छ रे? तपाईंको व्यक्तिगत जीवनमा त्यो सत्य आत्मज्ञानको अर्थ के हो? यस अचम्मको प्रतिज्ञालाई तपाईंले कसरी जवाफ दिनुहुन्छ त्यसमा तपाईंको व्यक्तिगत जीवनलाई कसरी निर्धारण गरिन्छ त्यो के तपाईंले सोच्नुभएको छ?**

## ४. अहिले नै मुक्ति पाएको जीवनको अनुभव (१ पत्रुस १:१३-२१)

प्रत्येक व्यक्ति जो इसाई हुँ भनेर दावी गर्छ त्यो व्यक्ति पवित्र र परमेश्वरमा निष्ठावान भएर बस्नु जरुरी छ भनेर येशूका कर्मठ चेला पत्रुसले

**किन बताउँछन्? हेर्नुहोस्, १ पत्रुस १:१३-२१ "१३ यसकारण आफ्नो मन बाँध, संयमी होओ र येशू ख्रीष्ट प्रकट हुनुहुँदा तिमीहरूकहाँ आउन लागेको अनुग्रहमा तिमीहरूको आशा पूर्ण रूपले राख। १४ आज्ञाकारी बालकहरू भएका हुनाले अगाडिको अजान अवस्थाका कुइच्छाहरूमा तिमीहरू अब नलाग। १५ तर तिमीहरूलाई बोलाउनुहुने जस्तो पवित्र हुनुहुन्छ, तिमीहरू आफै पनि जीवनका सबै रहनसहनमा पवित्र होओ, १६ किनभने यो लेखिएको छ, "तिमीहरू पवित्र होओ, किनभने म पवित्र छु।" १७ पनपक्ष नगरी मानिसको कामअनुसार इन्साफ गर्नुहुनेलाई पिता भनी पुकारा गर्छौं भने, तिमीहरूका प्रवासको सम्पूर्ण समय डरसँग बिताओ। १८ तिमीहरू जान्दछौ, कि आफ्ना पिता-पुर्खाबाट आएका व्यर्थका कुराहरूदेखि, सुन वा चाँदीजस्ता नाश हुने थोकहरूद्वारा दाम तिरी तिमीहरू छुट्याइएका होइनौ, १९ तर निष्खोट र निष्कलङ्क थुमाको जस्तो ख्रीष्टको अनमोल रगतद्वारा दाम तिरी छुट्याइएका छौ। २० उहाँ सृष्टिभन्दा अगाडिदेखि नै नियुक्त हुनुभएको थियो, तर तिमीहरूका खातिर समयको अन्त्यमा प्रकट हुनुभयो। २१ उहाँद्वारा परमेश्वरमाथि तिमीहरूको भरोसा छ, जसले ख्रीष्टलाई मृतकबाट जीवित पारेर महिमा दिनुभयो, ताकि तिमीहरूको विश्वास र आशा परमेश्वरमा रहोस्।"**

प्रथम पत्रुस १:१३को वाक्य "यसकारण" भन्ने शब्दबाट सुरू गरिएको छ। "यसकारण" भन्ने शब्दले यो बताउँछ कि जुन कुरो उनले भन्न गइरहेका थिए त्यो उनले अघि भनेकै कुरालाई अझ बढि निरन्तरता दिनको निम्ति हो। अर्थात् अघि भनेको कुराबाट बढेको चर्चाको छलफल हो। पत्रुसले परमेश्वरको अनुग्रहको बारेमा चर्चा गरेको अघिल्लो बुँदामा हामीले हेर्‍यौं। येशूभक्तको आशा येशूमा कसरी छ भनेरपनि उनले चर्चा गरेका थिए (१ पत्रुस १:३-१२)।

हो, प्रत्येक व्यक्ति जो येशूका उपासक हौं वा अनुयायी हौं भनेर दावी गर्छ उसमा अनुग्रह र आशाले भरिएको हुन्छ। त्यसकारण आफ्ना पाठकहरूलाई "चनाखो भएर बस, आफूले आफूलाई पूर्णरूपमा नियन्त्रणमा राख" (१ पत्रुस १:१३ रूपान्तरित) भनेर पत्रुसले आह्वान गर्दछन्। उनका पाठकहरूले येशूमा भएको मुक्ति प्राप्त भएकै कारणले त्यो स्थितिमा पाठकहरू रहन पत्रुसले आफ्नो तिब्र चाहना व्यक्त गर्दछन्। अब आफ्नो विश्वासमा निष्ठावान हुन र अडिग भएर बस्न तिनीहरूको दिमागलाई तयार राख्नुपर्छ भनेर पत्रुसले हौशला दिँदछन् (१ पत्रुस १:१३)।

**१ पत्रुस १:१३ले भन्दछः "यसकारण आफ्नो मन बाँध, संयमी होओ र *येशू ख्रीष्ट प्रकट हुनुहुँदा तिमीहरूकहाँ आउन लागेको अनुग्रहमा तिमीहरूको***

***आशा पूर्ण रूपले राख।"*** **"अगाडि आउने अनुग्रहमा आशा राख" भन्नुको अर्थ के हो?**

आफ्ना पाठकवर्गहरूले तिनीहरूको आशा येशूमा मात्र राख्न पत्रुसले गरेको आह्वानको बारेमा केही प्रश्न छैन। तर आशामात्र गर्ने होइन त्यस अनुसार जिउन पनि पत्रुसले स्पष्ट रूपमा जिकिर गर्दछन्। किन त? किनभने तिनीहरूले मुक्ति पाएका छन्। त्यो कुनै, भविष्यमा मरेपछि स्वर्ग जाने भन्ने लोकविश्वासभन्दा पनि माथि उक्लिएर अहिले जिउँदै स्वर्गको अनुभूति वा मुक्तिको अनुभूति प्रत्येक येशूका अनुयायीले पाउनुपर्छ भन्ने पत्रुसको दावी छ। त्यो अनुभूति पाएर येशूभक्तले पवित्र र निष्ठावान जीवन किन बिताउनुपर्छ भनेर पत्रुसले तिन कारणहरू बताउँछन्।

प्रथमतः परमेश्वरलाई चिनेकै कारणको सहयोगले येशूभक्त पवित्र र निष्ठावान जीवन बिताउँछ। परमेश्वर को हुनुहुन्छ भन्ने मामिलामा हामीले यो भन्न सक्छौँः "परमेश्वर पवित्र हुनुहुन्छ।" पत्रुसले लेबी ११:४४,४५लाई उद्धृत गर्दछन् जसमा लेखिएको छ, "तिमीहरू पवित्र होऊ, किनभने म (परमेश्वर) पवित्र छु" (१ पत्रुस १:१६ रूपान्तरित)। त्यसकारण, ("जय मसीह" भन्दै) येशूलाई पछ्याउने मानिसहरूले पवित्र जीवन बिताउनै पर्छ (१ पत्रुस १:१५-१७)।

इसाईहरूले किन शुद्ध र असल आचरणको आचारसंहिता पालन गरेर जिउनुपर्ने दोस्रो कारणचाहीँ आउनेवाला न्यायको कारणले हो। परमेश्वरले प्रत्येक मानिसलाई न्यायोचित तरिकाले न्याय गर्नुहुन्छ भनेर इसाईहरूलाई थाहा छ। प्रत्येक मानिसको आफ्नो आचरण वा जे गर्छ वा गर्दैनको आधारमा परमेश्वरले न्याय गर्नुहुनेछ (१ पत्रुस १:१७)।

तेस्रो, येशूभक्तहरूले मुक्ति पाएको महान् सत्य आत्मज्ञान थाहा पाएको कारणले हो। तिनीहरूलाई ठूलो मोल चुकाएर किनिएको हो। त्यो मोल होः येशूको अमूल्य रगत (१ पत्रुस १:१९)। येशूको मृत्यु इतिहासको कुनै आकस्मिक घट्न होइन भनेर पत्रुसले स्पष्ट पार्दछन्। बरू संसार सृष्टि हुनुभन्दा अघि नै उहाँको मृत्युको योजना बनाइएको थियो (१ पत्रुस १:२०)।

**तपाईं कुन कारणले इसाई हुनुभएको छ? कसैले तपाईंलाई "तपाईं किन क्रिश्चियन हुनुभयो" भनेर सोध्यो भने त्यसको जवाफ तपाईंले के दिनुहुन्छ र किन?**

## ५. एक आपसमा प्रेम गर (१ पत्रुस १:२२-२५)

**आज धेरै मानिसहरू इसाई हुँ भनेर दावी गर्छन्। तर इसाई हुनुको अर्थ के हो भनेर पत्रुले १ पत्रुस १:२२-२५मा जिकिर गर्दछन्। कोही इसाई हुँ भनेर दावी गर्छन् भने  पत्रुसको अनुसार पवित्र र निष्ठावान जीवन बिताउन जरुरत छ, तर त्यसको अर्थ के हो?**

येशूभक्तहरू सत्य अनुसार चलेकोले तिनीहरू शुद्ध भएका छन् भनेर पत्रुसले १ पत्रुस १:२२मा आफ्नो लेख अघि बढाउँछन्। ग्रीक भाषाबाट अनुवाद गरिएको शुद्ध भन्ने शब्द वित्र र पवित्रतासँग नजिकै गाँसिएको छ। ती दुई शब्दहरू पत्रुसले अगाडि १ पत्रुस १:१५मा जे लेखे त्ससँग जोडिएको छ। प्रथमतः येशूभक्तहरूले आफ्नो जीवन येशूमा समर्पण गरेको हुन्छ। त्यपछि तिनीहरूले बप्तिस्मा लिन्छन् (१ पत्रुस ३:२१,२२)। त्यसको अर्थ येशूभक्तहरूले आफ्नो जीवन परमेश्वरको निम्ति अलग्याएका हुन्छन्। परमेश्वरको आत्मज्ञानको सत्यलाई शिरोपर गरेर चल्दा येशूभक्तहरू परमेश्वरमा समर्पित जीवन बिताइरहेका छन् भनेर खुलेआम देखाउँदछन्। (इसाई भयो भन्दैमा येशूभक्त हुन्छ भन्ने छैन किनकि जनमानसमा इसाई भन्ने एक जात जस्तै खडा भइरहेको छ। तर येशूभक्त भन्दा इसाई जातलाई माथ गर्ने उपासक हो।-अनुवादकको टिप्पणी)।

येशूभक्तहरूको जीवनमा भएको त्यस परिवर्तनमा अर्को परिवर्तनको नतिजा हुन्छ। तिनीहरू अब साझा विश्वास गरेका जनहरूसँग सत्सङ्गमा लागेर एक आपसमा नजिकिन्छ। ती सम्बन्धहरू अत्यन्त घनिष्ठ हुन्छ। पत्रुसले त्यो सम्बन्धलाई परिवारसँग तुलना गर्छन्। येशूभक्तहरू दाजुभाई र दिदीबहिनीहरू जस्तै एक आपसमा प्रेमिलो सम्बन्ध राख्दछन्। १ पत्रुस १:२२मा पत्रुसले त्यस स्थितिलाई एक आपसमा प्रेम देखाएको भनेर चर्चा गर्छन्। त्यसलाई व्याख्या गर्न पत्रुसले ग्रीक भाषा *फिलाडेलफिया* भन्ने शब्द प्रयोग गर्दछन्। त्यसको अर्थ दाजु वा भाईको निम्ति प्रेम भन्ने जनाउँछ। यो प्रेम परिवारमा हुने एक आपसी प्रेम हो।

ग्रीक भाषामा अनुवाद गरिएको "प्रेम" भन्ने शब्दलाई विभिन्न शब्दहरूमा अनुवाद गरिएको छ। पहिलो त फिलिया (*philia*) जसको अर्थ मित्रता। त्यसपछि दोस्रोमा अर्को शब्दमा अनुवाद गरिन्छ त्यो हो इरोज (*eros*)। त्यो हो श्रीमान र श्रीमतीको चाहना। तेस्रो शब्द अगापे (*agape*) जसको अर्थ शुद्ध वा निश्चल प्रेम हो जसले अर्को मानिसको भलाई गर्न प्रयास गर्न लगाउँछ। "तिमीहरूको हृदयमा एक आपसमा गहिरोसँग प्रेम गर" (१ पत्रुस १:२२ रूपान्तरित) भनेर पत्रुसले अनुरोध गर्दा उनले प्रेमको निम्ति

अगापे शब्द प्रयोग गर्छन्। यहाँ अगापेको अर्को शुद्ध प्रेम हो जसले अरूको भलाइ गर्न खोज्छ। तर त्यस्तो प्रेमको खुबी जो पायो उसमा हुँदैन। त्यसको निम्ति पुनर्जन्म हुनुपर्छ। जो मानिसको हृदय परमेश्वरमा नयाँ गरि जन्मिएको हुन्छ त्यस खालका मानिसमा मात्र अगापे प्रेममा चल्न खुबी हुन्छ (१ पत्रुस १:२३, १ पत्रुस १:३)। अर्को स्पष्ट शब्दमा भन्ने हो भने त्यो नयाँ जन्म त्यसबेला हुन्छ जब मानिसले बाइबलका सत्यहरूलाई आत्मसात् गरेर जीवन यापन गर्दछ। यस प्रकारको प्रेम परमेश्वरबाट मात्रै आउँछ। स्वार्थी हृदय भएका मानिसहरू अर्थात् आफ्नोमात्र भलाई खोज्ने मानिसहरूले यो प्रेमलाई उमार्न सक्दैनन्। त्यसकारण कोही येशूभक्त हुँ भनेर दावी गर्छ भने त्यसले सत्यलाई पालन गर्न र शुद्ध जीवन बिताउन अनिवार्य छ भनेर पत्रुसले पत्रुस १ पत्रुस १:२२मा जिकिर गर्दछन्। सत्यलाई थाहा पाउनु भनेको केवल ज्ञानलाई मात्र जान्नु वा विश्वास गर्नु होइन। त्यस अनुसार चल्न अनुशासित जीवन बिताउनै पर्छ।

**हामीहरूको जीवनमा मायालु हुन कसरी सिक्ने? शुद्ध हृदयबाट बहने त्यस प्रकारको प्रेमको खुबी हुन कस्तो प्रकारका निर्णयहरू हामीले गर्नुपर्छ?**

## उपसंहारः

**थप जानकारीः यदि एलेन जी ह्वाइटका सामग्री उपलब्ध भएका उहाँक यी लेखहरू पढ्नुहोस्ः** *सेलेक्टेड मेसेजज्,* बुक १को पृ. ३७३-३७६को "पर्फेक्ट ओबिदियन्स थ्रु क्राइस्ट"। त्यही पुस्तकको पृ. ३६५-३६८को "क्राइस्ट द वे अभ लाइफ।"

पहिलो पत्रुसको प्रथम् अध्याय एकदम गहिरो र अत्यन्त मूल्यवान सत्यहरूले भरिएका छन्। यसले धेरै विषयहरू समेटेका छन्। त्रीएक परमेश्वरको बारेमा गहिरो चिन्तन गरेर पत्रुसले आफ्नो पत्र सुरू गर्छन्। त्यसको अर्थ पिता, पुत्र र पवित्र आत्माको बारेमा उनले चर्चा गर्छन्। आफ्नो पुत्र येशू ख्रीष्टद्वारा पिताले हामीलाई मुक्ति दिनुभएको छ भनेर उनले भन्दछन्। त्यसको अर्थ हामीले पवित्र जीवन जीउन र उहाँका आज्ञाहरू पालन गर्न येशूले हामीलाई चुन्नुभएको छ। त्यसको अर्थ पवित्र र आज्ञाकारी जीवन जीउन येशूमा हामीलाई चुनिएको छ। त्यसको फलस्वरुप येशूकहाँ हामी हृदयदेखि प्रेम गर्दै आउँछौं। येशूमा हामी आनन्दित हुन्छौं। किन त? उहाँको मृत्यु र मृत्युबाट उहाँको पुनरुत्थान नै हामीहरूको प्रतिज्ञा हो। येशूको त्यो काम हाम्रो निम्ति बरदान हो जुन् कहिल्यै पनि नाश हुँदैन। यो उपहार स्वर्गमा हामीहरूको निम्ति पर्खिरहेको छ। यस संसारमा हामीले अनेकौं तकलिफ र

पीडा भोग्छौं, यसबाट हामी भाग्न सक्दैनौं होला। तर येशू ख्रीष्टमा हामीले पाएको मुक्तिको उपभोग अहिले पनि हामी गर्न सक्छौं। यो सत्य हो कि, " दुःखकष्ट सतावट पाइरहेका येशूभक्तहरूका निम्ति विश्वासमा साहस र बल दिन पत्रुसले पत्रहरू लेखेका हुन्। पत्रुसका पाठकहरू अनेकौं परीक्षाहरूमा होमीरहेका थिए। परमेश्वरमा पक्रिरहेको पकड खुस्किने खतरामा ती विश्वासीहरू थिए। जुन कुरो ठिक छ त्यही गर्न सुरू गरोस् भन्ने चाहनाले पत्रुसले आफ्ना पाठकहरूलाई पत्र लेखेका थिए।"-एलेन जी ह्वाइट, *द आक्टस् अभ आपोस्टल्स,* पृ. ५१७बाट रूपान्तरित।

त्यसकारण, येशूभक्तहरूबाट पवित्र जीवन जिइनु अपेक्षा गरिएको छ। अर्थात् तिनीहरूले सत्यलाई पालन गरेको छ भनेर तिनीहरूको जीवनले देखाउनुपर्छ। र शुद्ध हृदयले भरिएका विश्वासीहरू छन् भनेर चर्चहरूले पनि देखाउनुपर्छ।

**चिन्तनमननः**

**अ.** **हामी इसाई वा येशूभक्तहरू हुनको कारण के छ? यस बारेमा बिभिन्न मानिसहरूको बिभिन्न बिचारहरू त हुन्छन् नै, तर तपाईंकोचाहीं के हो?**

**आ.** **१ पत्रुसको पहिलो अध्यायमै येशूको पुनरुत्थानको बारेमा दुई पल्ट उल्लेख गरिएको छ (१ पत्रुस १:३,२१)। येशूको पुनरुत्थानले हामीहरूको आस्थामा कसरी असर पार्दछ वा त्यो किन महत्त्वपूर्ण छ?**

**इ.** **पत्रुसले कहिल्यै नाश नहुने उपहारको बारेमा चर्चा गर्छन् (१ पत्रुस १:४)। पत्रुसको त्यो चर्चाले दानिएल ७:१८को प्रतिविम्बित गर्दछ जसमा लेखिएको छ, " १८ तर सर्वोच्चका पवित्र जनहरूले यो राज्य पाउनेछन् र सदासर्वदाको लागि अधिकार गर्नेछन् हो, सदासर्वदाको लागि।" यस संसारमा भएका यावत थोकहरू जुन् बिलाएर जान्छन् र तुरन्तै नाश हुने कुराको बारेमा सोच्नुहोस्। संसारका ती परिवेशहरूको तुलनामा स्वर्गमा हामीलाई दिइने अचम्मको उपहारको प्रतिज्ञासँग के हामीले दाँज्न सक्छौं र?**

**ई.** **जब हामी सताइएका हुन्छौं त्यसबेला पनि हामीहरूको विश्वास झन कसरी बलियो हुन जान्छ? हामीहरूले पाउने दुःखकष्टबाट विश्वासमा अडिग रहन हामीले कसरी निर्णय गर्ने?**

# रद्द गरिएको मलामी- भाग २

ओन-ओजोले हाछ्युँ गरेको कोठामा भएका सबै मानिसले पनि सुने र डराएर सबै जना बाहिर भागाभाग भए। मचाहीँ प्रार्थना गरि नै रहेँ। अनि ओन-ओजोले उनको आँखा खोलिन्। उनलाई बाँधी राखेको डोरीबाट छुट्न उनले जबरजस्ती गरिन्। मैले उनको दाजुलाई बोलाएँ र गाड्नको लागि बाँधिएको डोरी खोल भनेर अऱ्हाएँ।

जब ओन-ओजो डोरीबाट छुट्कारा पाउन संघर्ष गर्दै थिइन् त्यो देखेर उसको दाजुको त सातोपुत्लो गयो र उपनि डरले थरथर काम्न थाल्यो। तर बहिनीको डोरी फुकाल्न मैले उसलाई कर गरेँ। जब उनको हात र खुट्टाबाट डोरी फुकालियो तब उनलाई मेचमा बस्न हामीले सघायौं। पहिला रुवावासी गरेका र भागेकाहरू अब आएर ढोका र झ्यालमा हुल बाँधेर बस्न थाले किनकि मरेको केटी जीवित भएको हेर्न तिनीहरू  तँछाडमछाड गर्न थालेका थिए।

ओन-ओजोले खानको निम्ति केही खानेकुरा मागिन् र कसैले उनलाई खाना ल्याइदिए। जब उनमा बल आयो तब हामी सबै जनाले परमेश्वरको प्रशंसा गर्न थाल्यौं। तब मैले परिवारलाई भनें, "हेर्नुहोस्, प्रार्थनाले गर्दा तपाईंहरूको छोरी मरेकोबाट जीवित भएर उठिन्। तर टुनामुना र तन्त्रमन्त्रहरूसँग परमेश्वर सहभागी हुन चाहनुहुन्न। तपाईंहरूको चलन अनुसार ओन-ओजोलाई टुनामुना नझुन्ड्याइदिनुहोस्। यो बोक्सी विद्याको काम हो। यसमा परमेश्वर प्रशन्न हुनुहुन्न।" ओन-ओजोका आमाबाबु मैले भनेको कुरासँग मञ्जुर भए।"

ओन-ओजोको घरमा म दिनभरी थिएँ र जब म घर फर्कें तब अँध्यारो भइसकेको थियो। मेरो खुट्टा लगलग कामि रहेको थियो। म एकदम कमजोर भएको थिएँ र थाकेको पनि थिएँ। मैले घुँडा टेकेर प्रार्थना गरें "हे प्रभु, आजको दिनमा थोमा भएर गरेको प्रार्थना तपाईंले सुन्नुभयो। म अब तपाईंलाई सारा हृदयले विश्वास गर्छु। तपाईंको निम्ति मलाई प्रयोग गर्नुहोस्। म तपाईंको हुँ।" मेरो मन हलुका भयो, अनि ओछ्यानमा पल्टें र मस्तसँग निदाएँ।

राति एक बजे फेरि मेरो ढोकामा कसैले ढक-ढकायो र मलाई उठायो। "गुरूबा लारी, आउनुहोस्!" एक जना महिलाको आवाज मैले सुनें। मैले ढोका खोलें। त्यहाँ ओन-ओजोकी आमा उभिरहेकी थिइन्। "आउनुहोस्, ओन-ओजो फेरि मरिन्!"

"यो कसरी हुनसक्छ रू परमेश्वरको शक्ति कहिले पनि असफल हुँदैन" भनेर म चकित भएँ। अनि म पनि हस्याङफस्याङ गर्दै ओन-ओजोकी आमासँग उनको घरमा गएँ। उनलाई ओछ्यानमा पल्टाइराखिएको थियो। मैले उनको नाडी र सास छामेर हेरें। उनी त फेरि मरिसकेकिरहिछन्। उनको अगाडि मैले फेरि घुँडा टेकें। अनि मैले झाँक्रीले टुनामुना गरेको झारपात, उनमाथी फैलाइराखेको मैले देखें।

"उनमाथी यो झारपात कसले राख्योरू" मैले सोधें। ओन-ओजोकी आमाले भनिन् उनको श्रीमानले राखेको हुनुपर्छ। किनभने उनीमात्र ओन-ओजोसँग घरमा एक्लै थिए।

"परमेश्वरले ओन-ओजोलाई मरेकोबाट बिँउताउनुभयो, त्यसको जस परमेश्वरले मात्र पाउनुपर्छ। तर कसैले परमेश्वरको बदनाम गरेको छ र यो टुनामुनागरेको पात फेरि उनमाथी राखिदिएको छ। अब उनी फेरि मरिन्!" मैले दुःख मानेर सबैलाई सुनाइदिएँ।

मैले फेरि ओन-ओजोतिर फर्केर प्रार्थना गरें। ओन-ओजोका परिवार अब के हुन्छ भनेर चुपचाप पर्खेर बसिरहेका थिए। एक छिनपछि ओन-ओजोले आफ्नो आँखा खोलिन् र खाटमा उठेर बसिन्। केही समयसम्म म उनीसँग बसें। अनि घर फर्कनुभन्दा पहिले मैले फेरि परिवारलाई चेतावनी दिएँ, "तपाईंहरू कसैले पनि झाँक्रीको टुनामुना गरेको झारपात उनको शरीरमा नछुवाउनुहोस्। नत्र भने फेरि उनी मर्नेछिन्।" उनको दाजु र आमाले ठूलो स्वरले हुन्छ भनेर कबुल गरे। अनि म घर फर्कें र थकित भएर सुतें।